# संघीय शासनको सान्दर्भिकता



डा विपिन अधिकारी

क्यानाडाको क्विन्स विश्वविद्यालयका प्राध्यापक रोनाल्ड वाट्सको 'एकात्मक राज्यप्रणाली विखण्डनकारी हुन्छ' शीर्षकमा दि काठमाडौं पोष्टमा छापिएको एउटा अन्तर्वार्ताले धेरैको ध्यानाकर्षण गरेको छ। संघीयताका विद्वान र अनुभवी वाट्सको दाबी के छ भने जात, धर्म, जातीयताका आधारमा नभए पनि जनसंख्या, भूगोल, आर्थिक विकासजस्ता विविध आधारमा नेपाललाई संघीय संरचनामा बदल्न सकिन्छ। उनको भनाइमा विखण्डन रोक्न संघीयता जरुरी छ। यसो त विखण्डनका आन्दोलन संघीय राज्यमा पनि भएका छन्। यसै आधारमा मात्र मुलुकको संविधान एकात्मक हुने वा संघीय हुने विवेचना गरिनु हुँदैन। यसबाहेक पनि वाट्सका अन्य भनाइ नेपालका लागि कति सान्दर्भिक छन्, यकिन गर्न जरुरी छ।

संघीयता आफैंमा नराम्रो प्रचलन होइन। विश्वका करिब दुई दर्जनबाहेक सबै मुलुकमा एकात्मक राज्यप्रणाली छ। कतिपय मुलुक पूर्ण प्रजातान्त्रिक छन् र आर्थिक विकासका दृष्टिले प्रगतिशील पनि मानिन्छन्। संघीयता अपनाउने मुलुकमध्ये पनि मलेसिया तथा भारतजस्ता आधाभन्दा बढी मुलुकको शक्ति विभाजन केन्द्रीयताको पक्षमै देखिन्छ। औंलामा गन्न सकिने देशले मात्र राज्य र संघलाई समान हैसियतमा स्वीकार गरेका छन्। तथाकथित आत्मनिर्णयको अधिकार ग्यारेन्टी गर्ने मुलुक दुर्लभ छन्।

प्रचार-प्रसार गरिएजति एकात्मक शासन लोकप्रिय शासन प्रणाली होइन भन्ने दावी शंकास्पद मान्नुपर्छ। स्पेन तथा बेल्जियमजस्ता देशले आफूलाई निश्चित राजनीतिक यथार्थका आधारमा संघीयतामा परिणत गरेको सत्य हो। परिवर्तित अवस्थामा पनि उनीहरूमाझ एकात्मक विशेषता नभएका होइनन्। कपडाको जुत्ता लगाउने कि छालाको भन्ने प्रश्नको निरूपण कुनै पनि देशको धरातलीय यथार्थका आधारमा गरिनुपर्छ। त्यस आधारमा नेपालले संघीयतामा हामफाली हाल्नुपर्ने कुनै विशेष आकर्षण छैन।

संघीय शासन पद्धति किन भन्ने उचित जवाफ भेटिएको छैन। नेकपा (माओवादी) को राजनीतिक कार्यक्रमको रूपमा सुरुदेखि स्थापित यो विषय हाल मधेसमुखी दलले जोडतोडले उठाएका छन्। उनीहरूका एजेन्डा बढी आक्रामक तथा सनातनी संघीयताको व्यवस्था (जस्तो संयुक्त राज्य अमेरिका वा क्यानाडा) तर्फ उन्मुख प्रस्टै छ। यसका दुई कारण छन्, पहिलो, संघीयताको आधार भनेको राजनीतिक इकाइका रूपमा राज्यहरूको स्वतन्त्र अस्तित्व तथा आत्मनिर्णयको अधिकार प्रयोग गर्न सकिने स्थिति हो। दोस्रो, विगतमा स्पष्ट आधार नभेटिए पनि ऐतिहासिक राजनीतिक इकाइको रूपमा आफूलाई स्थापित गराउने चाहना हो। अन्य दल मूलभूत रूपमा पछाडि परेका जाति तथा समुदायको सशक्तिकरणको उद्देश्यबाट निर्देशित देखिन्छन्। संघीयतै किन भन्नेमा उनीहरू दिग्भ्रमित छन्। मधेसमुखी दलहरूले संघीयतालाई सामरिक दृष्टिकोणले हेरिदिँदा उनीहरूका अप्ठेरा झन् दुई गुना बढेका छन्। कुनै पार्टी पनि एकात्मक राज्य पद्धति विरोधी देखिँदैनन्। अहिलेको बाह्य प्रभाव र निर्देशित राजनीतिक वातावरणमा धान्नैपर्ने राजनीतिक कार्यक्रमका रूपमा संघीयता स्वीकार गर्न बाध्य देखिन्छछन्।

एकात्मक राज्यकै रूपमा रहनु नेपालको राष्ट्रिय स्वार्थ अनुकूल छ। एकात्मकता राष्ट्रिय एकताको प्रतीक हो। एकात्मक राज्यमा दक्ष एवं कुशल शासन तथा नीति निर्धारण तथा राज्य सञ्चालन कार्य सजिलो हुन्छ। राष्ट्रप्रतिको निष्ठा तथा भक्तिलाई अंशबन्डा गर्नुपर्ने स्थिति हुँदैन। राज्य इकाइ र संघबीच शक्ति विभाजन दुर्बोध्य काम हो। मुलुकलाई विभिन्न राज्य इकाइबीच संघर्षको घानमा हाल्नु हुँदैन। संविधान तथा कानुनमा संशोधन पनि एकात्मक व्यवस्थामै सजिलो हुन्छ। अप्ठेरा परिस्थिति तथा विशेष अवसर तथा चुनौती सामना गर्ने क्षमता पनि एकात्मक सरकारमा बढी हुन्छ।

खर्चको हिसाबले अहिलेको परिपाटी संघीय परिपाटीभन्दा फाइदाजनक हुन्छ। शान्ति सुरक्षाजस्ता विषय र त्यसभन्दा पनि संकटकालीन स्थितिमा अहिलेको प्रणाली सर्वाधिक उपयुक्त हुन्छ। नेपाल आर्थिक विकासका सम्भावना तथा भूमण्डलीकरणको परिप्रेक्ष्यमा साहसी निर्णय लिने क्षमतावान तथा फुर्तिलो हुन आवश्यक छ। आज अमेरिका तथा क्यानाडा जस्ता देशले नयाँ संविधान बनाउने हो भने यस्तो संविधान बनाउनेछन्, जसले शक्तिशाली केन्द्रीय सरकार सुनिश्चित गर्न सकोस्। त्यस्तो सरकारले मात्र राष्ट्रको सुरक्षा तथा प्रतिरक्षा गर्न सक्छ।

नेपालमा नेपाली जातिको इच्छा र आकांक्षा परिवर्तनको बाहक हुनपाएको छैन। शदीऔंदेखि एकात्मक राज्यका रूपमा रहेको नेपाल तथा सामाजिक-आर्थिक तथा भावनात्मक रूपमा पनि अखण्ड राष्ट्रको स्वाभिमान स्थापित भइसकेको मुलुकको राजनीतिक धरातल बलपूर्वक परिवर्तन गरी सिमान्तीकृत गर्नुपर्ने कारण बुझ्न सकिएको छैन। संघीयताको नाममा देशलाई दस चिरा पारेर यसबाट अक्षम राजनीतिज्ञ तथा संकीर्ण पक्षपोषकका लागि अवसर सिर्जना भने गर्न सकिन्छ।

जतिसुकै ढिपी गरे पनि ऊबेलाको अमेरिकामाजस्तो नेपालीमा राज्य वा समुदायहरूको संघीय राज्य बनाउने सांगठनिक क्षमता तथा त्यसलाई निर्देशन दिने जेफर्सन वा जेम्स मेडिसनजस्ता क्षमतावान नेता पनि छैनन्। हाम्रो राजनीतिक नेतृत्वको क्षमता, स्तर वा विवेक निकट भविष्यमै चमत्कारिक ढंगले बढ्ने सम्भावना पनि छैन। विभाजित राज्यप्रणाली समन्वय गरी एकताको सूत्रमा बाँध्नसक्ने सांगठनिक क्षमता तथा नेतृत्व विकास हुन समय लाग्नेछ।

प्रजातन्त्र विकासको औजार पनि हो। नेपालमा स्थानीय स्वशासनलाई धेरै वर्षदेखि यसै अर्थमा हेरिँदैछ। कतिपय क्षेत्रमा राम्रा तथा उल्लेखनीय काम भएका छन् भने कतिपयमा सुधारका टड्कारा सम्भावना देखिएका छन्। एकात्मक स्वरूपभित्र राज्यको पुनःसंरचना हुनसक्ने तथा पीडित वा उपेक्षित जाति तथा समुदायको अधिकारको ग्यारेन्टी तथा स्थानीय स्वशासन गर्न सकिने स्थिति सधैं छ। उनीहरूले खोजेको समानता तथा सहभागिता कार्यान्वयन गर्न देशको शक्ति तथा सम्भावना निर्वाध प्रयोग गर्न सकिने स्थिति छ। यति हुँदाहुँदै पनि यो मुलुकलाई सम्झौताबाट स्थापित राज्यका रूपमा पुनःलेखन गर्न किन पर्‍यो, आश्चर्य लाग्छ। दलित, जनजाति वा मधेसीलाई सशक्तिकरण गर्ने उद्देश्य हो भने केन्द्रीय शासनको मूलधारमा उनीहरूलाई सिधै स्थापित किन गरिँदैन ?

नेपाललाई एकात्मक राज्यको अवधारणामै विकास निर्माण गरिनुपर्छ भन्नु अहिलेको राजनीतिक वा प्रशासनिक स्वरूपलाई निरन्तरता दिनुपर्छ भन्ने होइन। सही कार्यका लागि कुतर्कले जित्न आवश्यक छैन। क्षेत्रीय विकासका आवश्यकता तथा राष्ट्रिय एकतालाई सँगसँगै लान सकिन्छ। स्थानीय स्वशासन बलियो बनाई संघीयताका आधार निरन्तर प्रयासबाट बिस्तारै आर्जन गर्न सकिन्छ। स्थानीय स्तरमा सार्वजनिक कार्यहरूप्रति उदासीनता हटाउन सकिन्छ। हरेक धर्म, जातजाति, संस्कृति तथा क्षेत्रलाई समान सुविधा तथा पीडित तथा उपेक्षित समुदायलाई अतिरिक्त संरक्षण गर्न देशको अंशबन्डा जरुरी छैन। नत केन्द्र र इकाइ सरकारलाई परस्पर स्वतन्त्र तथा समकक्ष बनाउन जरुरी छ। प्रजातान्त्रिक संगठन र कानुनी राज्यको परम्परा कमजोर हुँदै गएको मुलुकमा संवैधानिक क्लिष्टता वा सत्ता बाँडफाँडले देशको पुनःनिर्माणमा जटिलतामात्र थप्न सक्छ। मुलुकको विकेन्द्रीकरण कार्यक्रम अन्तर्गत वर्षेनि सरकारबाट विनियोजित पाँच-सात लाख खर्च गर्ने क्षमता नभइसकेको गाउँघरलाई संघीयता कति सजिलो होला अनुमान गर्न सकिन्छ।

प्रा वाट्सका विचार धेरै प्राज्ञिक छन्। उनले नेपालको भू-राजनीतिक स्थितिलाई उक्त अन्तर्वार्ता तथा उनले जीटीजेट तथा युएनडीपीद्वारा आयोजित कार्यशालामा प्रस्तुत गरेको कार्यपत्रमा विवेचना गर्न भ्याएनन्। छिमेक असल हुँदो हो त नेपालले हालको दुरवस्था खप्नुपर्ने थिएन। मुलुक भित्रको आतंकवाद वा औपनिवेशिक चलखेल कसले धान्न सक्छ सधैं ? यो पक्ष उचित मूल्याङ्कन गर्दा संघीयताबारे धेरै दाबी यसै खुकुलो भएर जानेछन्। यस स्थितिमा संघीयता केवल बोकाको मुखमा कुभिन्डो चरितार्थ नहोला र ?




**विश्वका करिब दुई दर्जनबाहेक सबै मुलुकमा एकात्मक राज्यप्रणाली छ। तथाकथित आत्मनिर्णयको अधिकार भएका मुलुक दुर्लभ छन्। नेपालमै किन यो चाहिने ?**

lawyers_inc_nepal@yahoo.com